स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८१/८२

गण्डकी प्रदेश, नेपाल

मितिः २०८१/०५/३०

नेपाल सम्वत्:११४४

**छात्रवृत्ति कोटामा ३ वर्षे Diploma in Radiographer अध्ययन सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/३०)

प्रस्तुत विषयमा यस गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी अस्पताल, मिर्मीमा रेडियोग्राफर सेवा सञ्चालनका लागि ३ वर्षे **Diploma in Radiographer** अध्ययन संस्थानमा लाग्ने सम्पूर्ण शुल्क स्थानीय सरकारको लगानीमा अध्ययन गराइने हुँदा यस गाउँपालिका भित्र रहेका नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

- **शर्तहरुः**
  १. निवेदकको उमेर १६ वर्ष पूरा भई २५ वर्ष ननाघेको हुनुपर्नेछ।
  २. आवश्यक न्यूनतम शैक्षिक योग्यताः एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरेको हुनुपर्नेछ।
  ३. निवेदक CTEVT द्वारा लिइने प्रवेश परीक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ।
  ४. विद्यार्थीको अध्ययन संस्थानमा लाग्ने सम्पूर्ण शुल्क यस गाउँपालिकाले व्यहोर्नेछ।
  ५. अध्ययन कोर्ष उत्तीर्ण पश्चात कालीगण्डकी अस्पताल, मिर्मीमा ५ वर्ष अनिवार्य सेवा उपलब्ध गराउनुपर्नेछ र सेवा उपलब्ध गराएवापत अस्पतालको नियमानुसार सेवा सुविधा उपलब्ध गराइनेछ।

- **निवेदन पेश गर्नका लागि आवश्यक कागजातहरुः**
  १. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
  २. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

२०८१/५/३०

परशुराम उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री वडा कार्यालयहरु सबै, कालीगण्डकी गाउँपालिका, स्याङ्जाः सूचनाको जानकारी गराइदिनुहुन।